कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ५ | वि.सं. २०८१ | बैशाख | ६ | बिहिवार | नेपाल संवत्: ११४४, | चैत शुक्ल दशमी | Thursday | 18 | Apr. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# ओझेलमा यारी भन्सार
# न पूर्वाधार न दरबन्दी

नन्दराम जैशी
सुर्खेत, ५ बैशाख ।

नेपाल र चीनको सिमाना हिल्सामा स्थापना भएको यारी नाका भन्सार ओझेलमा परेको छ । हुम्लासँग सिमाना जोडिएको हिल्सामा २०७५ मा अध्यागमन कार्यालय स्थापना गरी भन्सार सञ्चालन गरिएको थियो । तर प्रदेश र संघीय दुबै तहका सरकारको ध्यान नजाँदा हाल यारी नाका भन्सार ओझेलमा छ । दुबै तहका सरकारले आवश्यक बजेट व्यवस्थापन गरी भन्सार सञ्चालनमा जोड दिन नसक्दा स्थापना भएको भन्सार कार्यालयसमेत बन्द हुने अवस्थामा छ ।

यारी भन्सार नियमित सञ्चालन हुनसके हुम्लावासीलाई समान ढुवानीमा निकै सहज हुनेछ । हाल हुम्लामा सामान आयातका लागि यारी नाका एक मात्रै विकल्प पनि हो । तर हुम्ला सदरमुकाम सिमिकोटबाट भन्सार कार्यालयसम्म पुग्न नत सहज सडक छ । नत यातायात सेवा नै ।

साँघुरो कच्ची सडक गुड्ने बोलेरो जीपमार्फत यो भन्सारबाट हुम्लामा लत्ता कपडासहित व्यवसायीक सामाग्री, खाद्यान्न तथा निर्माण सामाग्री आयात हुने गर्दछन् । यारी भन्सार नेपालमा सामान आयात निर्यातका लागि ठुलो सम्भावना बोकेको नाका पनि हो । तर भन्सारसम्म पुग्न तथा भन्सार सञ्चालनका लागि आवश्यक पूर्वाधार विकासमा सरकारले जोड दिन सकेको छैन । हालसम्म प्रदेश तथा संघीय सरकारको लगानीमा यारी भन्सार कार्यालयको आफ्नै भवन समेत निर्माण हुन सकेको छैन । भन्सार कार्यालयसँगै सीमा प्रहरी बलको कार्यालय लगायतका अन्य मातहतका कार्यालय स्थापना

बाँकी ४ पेजमा




## वर्षमा ६ महिनामात्रै भन्सार सञ्चालन

कार्यालय प्रमुख जैशीका अनुसार हिमपात र चिसो मौसमका कारण यारी भन्सार बर्षमा ६ महिना मात्रै खुल्छ । त्यसैमा पनि चीनले आफुखुसी खोल्ने र बन्द गर्ने गर्छ । चिसोले गत मंसिर अन्तिम यता बन्द भएको भन्सार अब बैशाख १५ गतेपछि मात्रै खुल्ने भएको छ ।

'कार्यालयमा मौसम अनुसार बन्दोबस्तको व्यवस्था छैन, हिमपातसंगै अत्याधिक चिसो बढेपछि बन्द गरेर सदरमुकाम झर्नुपर्ने बाध्यता छ' उनले थपे, 'भन्सार सञ्चालन हुने अन्य महिनामा पनि हावाहुरी निकै चल्छ, त्यसैले काम गर्न सकस छ ।'

भन्सार सञ्चालन भएको समयमा बिहान ९ देखि ११ र दिउँसो २ देखि ४ बजेसम्म नाका खुल्छ । चिसोले हिल्साबाट फिर्ता भएका कार्यालय प्रमुख अँझै हिल्सा नफर्किएको भन्दै स्थानीयले दवाब दिएका छन् । 'म एक्लै छुँ, त्यसैमा पनि कहिले काँही काम विषेश जिल्ला छोड्नुपर्ने हुन्छ, संधै

बाँकी ४ पेजमा

## थप सात वटा नाका खोल्न चीन तयार

चीनले नेपालतर्फको थप सात वटा नाका खोल्नका लागि तयार भएको छ । चीनसँग जोडिएको नेपालका परम्परागत १४ वटा नाकामध्ये तत्काल थप सात वटा नाका खोल्न तयार रहेको पत्र परराष्ट्र मन्त्रालयलाई पठाएको हो ।

प्रधानमन्त्री प्रचण्ड चीन भ्रमण गएको बेला विभिन्न १४ वटा नाका खोल्ने सहमति भएको थियो । उपप्रधान तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठले हालै सम्पन्न गरेको चीन भ्रमणको क्रममा पनि नाका खोल्ने बारेमा छलफल भएका थियो । परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार नाका खोल्नका लागि चीनले अग्रसरता लिएपनि नेपालको तर्फबाट चासो दिइएको छैन । चीनले पत्र पठाएको एक महिनाभन्दा बढी बितिसकेपनि प्रक्रिया खासै अघि बढ्न नसकेको ती अधिकारीले बताए । तर प्रधानमन्त्री कार्यालयले भने यस बारे आन्तरिक तयारी भइरहेको र यो प्रक्रिया छिट्टै अघि बढाउने बताएको छ ।

१४ वटा नाकामध्ये यसअघि नै तातोपानी, केरुङ, कोरला र हिल्सा नाका सञ्चालनमा आइसकेका छन् । बाँकी नाकामध्ये पहिलो चरणमा सात वटा नाका खोल्नका लागि चीन तयार भएको हो । झोङ्वा र डोल्पाको मेयोङ नाका, झोङ्बा र मुगुको यासिमा नाका, जिरोङ र गोरखाको झोङ्गा नाका र गोङ्डाङ नाका, न्यालामु र दोलखाको झासिगांग नाका, डिङ्जे र ताप्लेजुङको रिवु नाका तथा पुलान नाका र बझाङको बोलिना नाका खोल्नका लागि चीनले पत्र पठाएको छ ।

### न्याय नपाएपछि अस्पतालमै
# शव छाडेर घर फर्किए भीमाका आफन्त

युग संवाददाता
सुर्खेत, ५ बैशाख ।

कर्णाली प्रदेश अस्पतालमा पाठेघर सफा गर्न पुगेकी दैलेखकी भीमा गुरुङको मृत्यु भएपछि आफन्तहरुले शव अस्पतालमै छाडेर घर फर्किएका छन् । विभिन्न माग राख्दै प्रदर्शन गरेपनि माग सुनुवाईमा जिम्मेवार नभएको भन्दै आफन्तहरुले भीमको शव नबुझेर आफन्त दैलेख फर्किएका हुन् ।

आमाको मृत्यु भएपछि ८ महिने दुधे नाबालिकाको पालन पोषणका लागि उचित राहत, परिवारका सदस्य मध्ये एक जनालाई रोजगारी, बालिकाको पठन पाठनको ग्यारेण्टी र घटनाको उच्च स्तरिय छानविन समिति गठनको माग राखेर आफन्तले आन्दोलन गरेका थिए ।

तर शान्तिपूर्ण आन्दोलन, धर्ना र पटक-पटक वार्ता छलफल गर्दा पनि अस्पताल प्रशासनले यस विषयलाई गम्भिरतापूर्वक नलिएकाले शब नबुझेर घर फर्किएको मृतक भीमाका बुवा गोविन्दबहादुर गुरुङले जानकारी दिए । 'हाम्रो घरपरिवारको सदस्यको अकल्पनिय, अस्वभाविक एवंम् असमाहिक मृत्युका कारण पिंडामा तड्पिरह्यौं,' गुरुङले भने, 'गरिव परिवारका मानिस सुर्खेत जस्तो महँगो सहरमा बस्न र आन्दोलन गरिरहन नसक्ने अवस्था भएकाले मृतक भिमा गुरूङ्गको लाशलाई यहीँ प्रदेश अस्पतालमै छोडेर आफ्नो घर जान लागेको छौं ।'

दैलेखको आठबीस नगरपालिका-५ पिपलकोट घर भएकी २२ बर्षिया गुरुङ हिंडेरै उपचारका लागि कर्णाली प्रादेशिक अस्पताल सुर्खेत पुगेकी उनको पाठेघर सफा गर्ने क्रममा चैत २९ गते ज्यान गएको थियो । तल्लो पेट दुख्ने र रगत बग्ने समस्या भएपछि नेपाली सेनाको मध्यपश्चिम पृतना बुटवलमा सिपाही पदमा कार्यरत भिमाका श्रीमान् नमराजले अस्पताल पुऱ्याएका थिए । तर उपचारका क्रममा ज्यान गएपछि परिवार र आफन्तले अस्पतालको टोलीले अप्रेसनमा लापरबाही गरेको आरोप लगाउँदै आएका छन् ।

**न्यायका लागि अपिल पत्र**

मृतक भिमा गुरुङ्गको न्यायका लागि उनका सुसुरा धनबहादुर बलामी मगर र बुवा गोविन्दबहादुर गुरूङ्गले अपिल गरेका छन् । यहि मिति २०८० चैत्र २८ गतेका दिन दैलेख जिल्ला आठबीस नगरपालिका वडा नं. ५, पिपलकोट निवासी २२ वर्षिया भिमा गुरूङ्ग सामान्य पेट दुःखाईसम्बन्धी समस्या भई हिंडेर कर्णाली प्रदेश अस्पताल सुर्खेतमा उपचारका लागि गएकोमा अस्पतालका डाक्टरले पेटमा ३ महिनाको सालनाल रहेकाले सामान्य सफाई गर्नु पर्ने भनी अस्पताल भर्ना गरिएको थियो ।

भिमाको सल्यक्रिया गर्नुभन्दा अगाडि २०८० चैत्र २९ गते डाक्टरहरूको टिमले यो केश सामान्य भएकाले चिन्ता नगर्नु भनी घर परिवारका मान्छेलाई भनी शल्यक्रिया कक्षमा लगिएको थियो । २०८० चैत्र २९ गतेकै दिन अपरान्ह ३ बजेभन्दा १० मिनेट अगाडिसम्म सबै ठिकै छ भनेर रगत चडाइरहेकोमा एक्कासी ३ बजेतिर तपाईंको विरामी अवस्था धेरै नै जटिल भयो भनी खबर गरिएको र त्यसको केहि समयपछि मृत्यु भएको जानकारी गराइएको थियो ।

सल्यक्रिया क्रममा विरामीको अवस्थाको विषयमा बीचमा कुनै जानकारी नगराइनु र डाक्टरहरूको हाऊभाऊ हेर्दाखेरी हतास मानसिकतामा देखिनुले गम्भिर त्रुटी र लापरवाहीका कारण मृत्यू भएको कुरामा कुनै शङ्का छैन् ।

घटनापछि बेलुका कर्णाली प्रदेश अस्पतालका निर्देशक डा. डम्बर खड्कासँग छलफल हुँदा यो केश हजारौंमा एकाध मान्छेलाई हुने निकै जटिल र गम्भिर खालको समस्या भएकाले बचाउन नसकिएको भनी जवाफ दिएका थिए ।

अपिल पत्रमा लेखिएको छ, ' यदि यो केश निकै जटिल र गम्भिर खालको थियो भने शल्यक्रिया गर्नुभन्दा अगाडि विरामीको श्रीमान् तथा घर परिवारको मान्छेलाई किन जानकारी गराइएन् ? अर्को कुरा त्यस्तो गम्भिर केश थियो भने स्त्री रोगसम्बन्धी सिनियर डाक्टरहरू उपचारमा किन सङ्लग्न हुन भएन ? प्रदेश अस्पतालका निर्देशक डा. डम्बर खड्का स्वयम् स्त्री रोग विशेषज्ञ हुँदाहुँदै आफैले पनि किन उपचारमा चासो दिनु भएन ? सबैलाई थाह भएकै कुरा हो कि प्रदेश अस्पतालका निर्देशक डा. डम्बर खड्का नीजि अस्पताल सञ्चालक पनि हुनुहुन्छ । कतै उहाँहरूलाई प्रदेश अस्पतालभन्दा आफ्ना नीजि अस्पताल र क्लिनिकप्रति

बाँकी ४ पेजमा

## आन्तरिक पर्यटकको रोजाइमा कोटदरबार

युग संवाददाता
कालीकोट, ५ वैशाख ।

कालीकोटको खाँडाचक्र नगरपालिका-१ मान्मस्थित कोटदरबार आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेको छ । सदरमुकाम मान्म बजारबाट दुई किलोमिटर टाढा रहेको कोटदरबार क्षेत्रबाट जिल्लाभरको दृश्य अवलोकन गर्न पाइने भएकाले आन्तरिक पर्यटकको रोजाइमा परेको हो ।

कोटदरबार क्षेत्र अग्लो स्थानमा रहेकाले दैलेखको पश्चिम र अछामको पूर्वी भागका साथै कालिकोटको अधिकांश भू-भागको अवलोकन गर्न पाइने भएकाले आन्तरिक पर्यटकको प्रमुख रोजाइमा पर्न थालेको खाँडाचक्र-१ का वडाध्यक्ष धर्मराज ताम्राकारले बताए । सदरमुकामबाट नजिकै भएकाले स्थानीय बिहान मर्निङ वाक गर्न तथा बेलुका आरामका लागि पनि यहाँ पुग्ने गरेका उनको भनाइ छ ।

वडाध्यक्ष ताम्राकारले, "सदर मुकाम बस्ने कर्मचारी, व्यापारी र स्थानीय जिल्लाको दृश्य अवलोकन गर्न तथा आराम गर्न यहाँ आउने गरेका छन् । बिदाका दिन तथा चाडपर्वमा यो क्षेत्र आन्तरिक पर्यटकले भरिभराउ हुने गर्छ ।" स्थानीय तथा प्रदेश सरकारबाट कोटदरबार क्षेत्रमा पर्यटकीयस्थल संरक्षणका लागि ग्याबिन तार, तीन वटा प्रतिक्षालय, खानेपानीको धारा र राजा मलय बम्मको सालिक राख्न आवश्यक पूर्वाधार निर्माणलगायत काम भइरहेको स्थानीयवासी नरेन्द्रबहादुर शाहीले बताए ।

"यस क्षेत्रमा पर्यटन प्रवर्द्धन

बाँकी ४ पेजमा

डिपेन्डेन भिसा
सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.: ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# विद्यार्थीबाट अशुलिएको भर्ना शुल्क फिर्ता होस !

नेपालमा शिक्षा दिने स्थान भनौं यात शिक्षा प्रणाली दुई प्रकारको रहेको छ। एउटा सरकारी विद्यालय र अर्को निजि विद्यालय जसलाई बोर्डिङ पनि भन्ने गरिन्छ। सरकारी विद्यालयमा सरकारले कक्षा-१ देखि १० सम्म नै सम्पूर्ण रुपमा निःशुल्क भनेर घोषणा गरेको छ भने निजि विद्यालयले निर्धारित शुल्क लिन पाउने व्यवस्था गरेको छ। सरकारी केही विद्यालयमा अंग्रेजी र नेपाली दुबै माध्यम र केहीमा नेपाली माध्यममा पढाई हुन्छ भने निजी विद्यालयमा अंग्रेजी भाषामा मात्र पढाउने गरेको पाईएको छ। सरकारले निजी विद्यालयलाई तोकिएको भन्दा पनि आफ्नो मनोमानि रुपमा उनीहरुले भर्ना लगायतका शिर्षकमा पैसा असुली रहेका छन् भन्ने जनगुनासो बर्षेनी शैक्षिक शत्रको सुरुवातमा उठ्ने गरेकै कुरा हो।

निजि विद्यालयहरु एसै पनि व्यापारिक प्रयोजनका लागि खोलिएका व्यवसायहरु हुन भलै काम शिक्षा दिएर व्यक्ति शिक्षित भएर बिभिन्न पेसा व्यवसायको उच्च ओहदामा पुग्छ। तर विद्यालय सञ्चालकको उद्देश्य भनेको त जतिसक्यो नाफा कमाउने नै भएको हुँदा उनीहरुले आफ्नो व्यवसायको लगानी अनुसारको शुल्क यो या त्यो नाममा उठाउनु त्यति अस्वभाविक पनि नहोला। तिर्न सक्नेले पढाउँछ नसक्नेका लागी सरकारी विद्यालय छँदैछन्। कहाँ पढाउने त्यो अभिभावकको ईच्छा, चाहाना र कमाईमा भर पर्ने कुरा हो। तर कर्णालीका रहेर निश्वार्थ सेवामूलक रुपमा शिक्षा दिन्छौं भनेर खोलिएका एसओएस हर्मन माईनर, सैनिक आवासीय महाविद्यालय, नेपाल प्रहरी विद्यालय लगायतका विद्यालयमा झन भर्ना शुल्कका नाममा सोझा अभिभावक लुट्ने काम भैरहेको छ। १५०० विद्यार्थी भएको सामान्य विद्यालयले पनि त्यहि विद्यालयबाट नियमित कक्षा उत्तिर्ण गरेको विद्यार्थीको पनि औषतमा ५ देखि १० हजार र नयाँ विद्यार्थी भर्ना हुन आएमा १५ हजार भन्दामाथी लिने गरेका हामी पाउँछौं। अब हेरौ १००० विद्यार्थी भएको एउटा विद्यालयले भर्ना शुल्क भनेर प्रति विद्यार्थी पाँच हजारमात्र उठायो भने पनि पचास लाख रुपैयाँ उठाउँछ। त्यो केका लागि भनेर कसैले प्रश्न किन गर्दैनन ? के लिनेको मात्रै गल्ति छ त ? पहिलो गल्ती त सरकारको छ जो सामान्य नागरिकले पनि नपत्याउने विश्वास नगर्ने विद्यालय राखेको छ। जहाँ पढाउने शिक्षकका छोराछोरीसम्म निजि विद्यालयमा महङ्गो शुल्क तिरेर पढ्दा आफु शिक्षित भएको ठान्छन। अनि निजिलाई महङ्गो शुल्क उठायौं भनेर भन्नेवालाका छोराछोरी सरकारी विद्यालयको निःशुल्क शिक्षा लिईरहेका छन् त ? समिक्षा गरौं त पहिला हामी आफैले ? चिठी लेख्नु शिवाय अरु केही कुनै कार्वाही कुनै निकायले कुनै विद्यालयलाई गरेको रेकर्ड छ ? छैन भने फेरी प्रत्येक बर्ष तँ हाने झैं गर म रोय झैं गर्छु भन्नुको केहि नि तुक छैन। सामान्यतया पढाई बर्षमा पुग नपुग ७ महिना हुन्छ मासिक शुल्क पुरा १२ महिनाकै असुली गरिन्छ। अझ कति विद्यालयमा त क्यान्टीन छ भने पनि १२ महिनाकै खाजा शुल्क समेत लिन्छन। सरसर्ति हेर्दा मानौ रु.१२००।- मासिक शुल्क छ भने ५ महिनामा ६००० उसै अभिभावकले बढी तिरेकै हुन्छन। अझ त्यसैमा भर्ना शुल्कको नाममा एकै पटकमा करोडौं रुपैयाँ निजि विद्यालय सञ्चालकले उठाएका हुन्छन उनीहरुको त्यो चोखो आम्दानी हो।

यसरी शिक्षाक्षेत्रलाई व्यवसायको राम्रो स्रोत बनाउन दिने पहिला त यि सत्ताको कुर्सिमा बस्नेहरु नै हुन हो उनीहरुको भऱ्याङ चढेर अरुले मनपरी गरेहोलान त्यो आफ्नो ठाउँमा छ। तर त्यो बनाईदिएको कल्ले ? चुनावको बेला सहयोगका नाममा २/४ लाख मागेर मगन्ते भएको फेरी अर्को पटक माग्न नमिल्ने गरी बन्छन कानुन ? हुन्छन बनेका कानुन कार्यान्वयन ? अहँ सम्भव छैन। अनि देखाउँछन निजि विद्यालयले हामीले छात्रवृत्तिमा पढाएका छौं यो त्यो त्यसको पनि रेकर्ड आउनु पर्छ माग्नुपर्छ सम्बन्धित निकायले यदि पढाएको छ भने कति छ ? त्यसको पनि रेकर्ड रहनुपर्छ ? काहिँ छ अहिलेसम्म रेकर्ड ? उस्तै परे बोल्ने ति विद्यालयसंग पनि छैन बरु विगत ४/५ बर्षदेखि फि समेत नउठेको होस् तर उठाउन बाँकी लेजरमा होला तर त्यो छात्रवृत्तिको लिस्टमा हुँदैन। विद्यालयको पनि केही सामाजिक उत्तरदायित्व हुन्छ त्यो पुरा गर्नुपर्छ हो लगानी भएको हुन्छ त्यो र बैंकको व्याजभन्दा बेसि नाफा हुनु पर्छ स्वभाविक पनि लगानी नाफाका लागी हो तर मनपरी भर्ना शुल्कका नाममा रकम अशुल्नु चाँही राम्रो होईन र सम्वन्धित निकायले यस पटक भर्ना हुन बाँकीबाट भर्ना शुल्क नलिने र भर्ना भैसकेर भर्ना शुल्क तिरेकाहरुको रकम मासिक शुल्कमा मिलान गर्नेगरी कानुन कार्यान्वयन गरोस्। अन्यथा कानून, नीति, नियम छ भनेर मोटा कुरा मात्रै गरेर हुँदैन त्यसको कार्यान्वयन देखिने गरी र प्रभावकारी हुनुपर्छ।

## विदेश

# बालबालिकाका लागि 'डिजिटल लिटेरेसी' को महत्व : कक्षाकोठामा कसरी प्रवर्द्धन गर्ने ?

**नयाँदिल्ली, ५ वैशाख (रासस/एएनआई)।**

वर्तमान प्रविधिको युगमा बालबालिकाका लागि 'डिजिटल लिटेरेसी' अत्यावश्यक छ। उनीहरुको गृहकार्य, जागिर आवेदन, बैंकिङदेखि सबै काम अनलाइन मन्चमा सञ्चालन हुने भएकोले 'डिजिटल लिटेरेसी' (विद्युतीय साक्षरता) विलासिता नभई आवश्यकता हो।

सन् १९९० को दशकमा नसुनिएको स्मार्टफोन अहिले धेरैको हातमा देखिन्छ। हालका विद्यार्थीले गृहकार्य गर्दा कम्प्युटरको प्रयोग गर्न थालेका छन्। आजका विद्यार्थी प्रविधिसँग धेरै परिचित भएकोले गर्दा यसलाई 'डिजिटल नेटिभ' भन्न थालिएको छ। एक्काइऔँ शताब्दीमा जन्मिएका युवा पुस्ताका लागि स्मार्टफोन, ट्याब्लेट र कम्प्युटर दैनिक जीवनको हिस्सा भएको छ। 'एडोब एक्स प्रेस डिजाइन एप' जस्तो निःशुल्क उपकरणले बालबालिकाका लागि प्रयोग गर्न पहिलेभन्दा सजिलो बनाएको छ। प्रविधिको प्रगतिले गर्दा र हाम्रो दैनिक जीवनको हरेक पक्षमा प्रविधिले विद्यार्थीमा विद्युतीय साक्षरता सीप विकास गर्न आवश्यक बनाएको छ।

वास्तवमा विद्युतीय साक्षरता के हो र यो किन महत्वपूर्ण रहेका छ र यसलाई कक्षा कोठामा कसरी उपयोग गर्न सकिन्छ ? यस लेखमा डिजिटल साक्षरता शिक्षाको सबैभन्दा महत्वपूर्ण पक्षहरूमध्ये एक हो भन्ने बारे जानकारी गराइएको छ।

**प्रविधि साक्षरता विद्यार्थीमा उत्प्रेरित गर्न महत्वपूर्ण सीप हो ?**

**(क) विद्यार्थीलाई भविष्यको लागि तयार गर्न,**

जसरी हामी प्राविधिक-केन्द्रित संसारमा परिवर्तन हुँदै गइरहेका छौँ यहाँ भविष्यको रोजगार बजारलाई प्रविधिका सीपमा राम्रोसँग जान्ने कार्यबल चाहिन्छ। हामीले डिजिटल साक्षरता र प्राविधिक प्रवीणतामा अत्तिरित्त रकम (प्रिमियम लिने) गरिरहेको छौँ। भविष्यमा तीव्र अपेक्षा गरिएको हुनाले गर्दा विद्यार्थीलाई भोलि अगाडि बढाउनका लागि आवश्यक ज्ञानको साथ सुसज्जित गर्नु महत्वपूर्ण रहेको छ।

**(ख) सूचनामा पहुँच**

डिजिटल साक्षरताले विद्यार्थीलाई प्रभावकारी रूपमा पहुँच, ज्ञान र दृष्टिकोणलाई फराकिलो बनाउन ,उपयोग गर्न सहयोग गर्दछ। विद्यार्थीले जानकारीका लागि आलोचनात्मक मूल्याङ्कन गर्न र विश्वसनीय र अविश्वसनीय स्रोत बीचको भिन्नता गर्न सक्षम भएका छन्। गलत जानकारी दिने विश्वमा यो एक सीप भएकोले गर्दा राम्रो रहेका छ।

**(ग) सूचना साक्षरता सिकाउन**

डिजिटल साक्षरताले अनलाइन उपलब्ध जानकारीको दिन र विद्यार्थीले प्रभावकारी रूपमा पहुँच, ज्ञान र दृष्टिकोणलाई फराकिलो बनाउन सहयोग गर्छ। गहिरो नक्कलीदेखि व्यङ्ग्यात्मक सामग्रीको बीचमा सबै कुरा सुरक्षित रहेको भन्न सकिन्न। यसले गर्दा विद्यार्थीलाई भरपर्दो जानकारी के हो र के होइन भनेर छुट्याउन निकै चुनौतीपूर्ण बनाउन सक्छ। यसलाई ध्यानमा राखेर कक्षाकोठामा सूचना साक्षरता सिकाउनमा ध्यान केन्द्रित गर्नुपर्छ। विद्यार्थीलाई जानकारीको विश्वसनीयताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सीप प्रदान गरेर गलत जानकारी बीचको भिन्नता

बाँकी ३ पेजमा

# वर्षान्त २०८० : पर्यटनमा उपलब्धिको वर्ष

सिबी अधिकारी/रासस

कोरोना महामारीका कारण थलिएको नेपालको पर्यटन क्षेत्र वर्ष २०८० मा सुधारोन्मुख रह्यो। पर्यटक आगमनमा उल्लेख्य सुधार देखियो भने पर्यटकीय गन्तव्यमा पनि चहलपहल बढ्यो। आन्तरिक र बाह्य पर्यटक बढेपछि होटलहरूको 'अकुपेन्सी'मा उल्लेख्य सुधार देखियो। त्यति मात्रै होइन, पर्यटन क्षेत्रमा लगानी पनि बढ्यो।

कोरोना महामारीका कारण घरभित्र सीमित व्यक्तिहरू गत वर्ष आन्तरिक र बाह्य पर्यटनमा रमाए। नयाँ वर्ष २०८१ मा पर्यटकीय गन्तव्यमा देखिएको अत्यधिक चहलपहलले यसको पुष्टि पनि गऱ्यो। पर्यटकीय गतिविधि मात्रै होइन यस क्षेत्रमा लगानी पनि बढेको छ।

होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले समग्रमा वर्ष २०८० पर्यटनका लागि उत्साहजनक रहेको बताए। उनले भने, "समग्रमा पर्यटन उत्साहवर्द्धक रह्यो। अहिले होटल 'बुकिङ' पनि सन्तोषजनक छ। विदेशी पर्यटक आगमन कोभिड-१९ पूर्वको अवस्थामा पुगेको छ, यसले पर्यटनमा उत्साह थपिएको छ।"

होटल पूर्वाधारमा ठूलो लगानी भएको तर क्षमताअनुरुप पर्यटक कम रहेकाले होटल पूर्वाधारको क्षमताअनुरुप पूर्णरूपमा उपयोग गर्न नसकिएको अध्यक्ष शाहको भनाइ छ। उनले सडक सञ्जाल, हवाई सम्पर्क सञ्जाल प्रभावकारी बनाउँदै पर्यटन नीतिलाई समयसापेक्ष बनाएर लैजानुपर्ने खाँचो औँल्याए।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष नीलहरि बास्तोलाले समग्रमा वर्ष २०८० पर्यटनका लागि उत्साहवर्द्धक रहेको बताए। उनले भने, "नेपालको पर्यटन पुनरुत्थान भएको अवस्था हो, कोभिडको चपेटाबाट व्यवसायी भुक्त हुँदै गर्दा पर्यटन क्षेत्र थप चलायमान बन्छ भन्ने विश्वास छ।"

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनसँगै सडक सञ्जाललाई व्यवस्थित बनाउन सकेको खण्डमा आगामी दिनमा नेपालमा पर्यटक बढ्ने अध्यक्ष बास्तोलाको भनाई छ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टस् (नाट्टा) का अध्यक्ष रमेश थापा पनि वर्ष २०८० पर्यटकका लागि सुखद भएको बताए। कोभिडपछि पर्यटन पुरानै लयमा फर्किएकाले आगामी दिन राम्रो हुने विश्वास व्यक्त गरे। अध्यक्ष थापाले अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा नेपाल पर्यटन बोर्डले सक्रियता जनाउन नसके पनि प्रवर्द्धनका कामलाई निजी क्षेत्रका व्यवसायीले निरन्तरता दिएको भन्दै वर्ष २०८१ मा बोर्डको बजारीकरणलाई प्रभावकारी बनाएर बढीभन्दा बढी विदेशी पर्यटक आकर्षण गर्ने कार्यमा सबै सक्रिय ढङ्गले लाग्नुपर्नेमा जोड दिए।

पछिल्लो समय नेपालको पर्यटन क्षेत्र चलायमान बनाउन र पर्यटकको बसाइ लम्ब्याउनका लागि केबुलकार माध्यम बन्यो केबुलकारमा लगानी पनि बढेको छ। पछिल्लो समय देशका विभिन्न स्थानमा केबलकार निर्माण सुरु भएको छ। पूर्वमा पाथीभरादेखि कर्णाली नदीमा केबुलकार निर्माणको प्रक्रिया अघि बढेको छ।

त्यसैगरी, जल पर्यटन प्रवर्द्धनका लागि विभिन्न नदी र तालमा मोटरबोटको प्रयोग बढेको छ। जलाशय र नदीहरू पर्यटनका लागि विभिन्न स्थानमा पछिल्लो समय मोटरबोटको प्रयोग बढेको पाइन्छ। नारायणी नदीदेखि भरत ताल र विभिन्न जलाशयमा मोटरबोटले पर्यटक तानिरहेका छन्।

त्यति मात्रै होइन, एड्भेन्चर पर्यटनका लागि पनि वर्ष २०८० सुखद रह्यो। पोखरामा एड्भेञ्चर पर्यटनका लागि पूर्वाधार निर्माण हुने क्रम जारी रह्यो। बञ्जी जम्पदेखि स्विङले पर्यटकको ध्यान खिचेको पाइयो। पर्यटकीय गतिविधि बढेसँगै परम्परागत सांस्कृतिक लोक नृत्यको संरक्षण, संवर्द्धन र प्रवर्द्धन पनि बढेको छ। त्यस्ता मौलिक नृत्यको संरक्षण मात्रै नभई यसैबाट आयआर्जन गर्न सकिने माध्यम पर्यटन बनेको छ।

नेपाल राष्ट्र बैङ्कका अनुसार चालु आर्थिक वर्षको फागुनसम्म ट्रेकिङ, माउन्टेनियरिङ, रिसोर्ट, ऱ्याफ्टिङ क्याम्पिङमा रु २४ अर्ब ७८ करोड ६० लाख ६० हजार कर्जा प्रवाह भएको छ। जुन गत आवको सोही अवधिको तुलनामा एक दशमलव छ प्रतिशतले बढी हो। साथै होटल क्षेत्रमा पनि लगानी सोही अवधिमा सात दशमलव चार प्रतिशतले बढेर कर्जा रु एक खर्ब ८७ अर्ब ८१ करोड ३० लाख २० हजार पुगेको छ।

पर्यटकीय गन्तव्यको प्रचारप्रसार, स्थानीय तहबाटै पर्यटक प्रवर्द्धन र घुम्न जाने चलन बढ्दा आन्तरिक पर्यटकको पनि गत वर्ष पर्यटक क्षेत्रको विकासमा उल्लेख्य योगदान रह्यो। त्यसमाथि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्यो।

महासचिव एन्टोनियो गुटेरेस नेपालको चारदिने औपचारिक भ्रमणका लागि गत कात्तिक १२ गते काठमाडौँ आउनुभएको थियो। उनले महत्वपूर्ण पर्यटकीय क्षेत्र सगरमाथा क्षेत्र, अन्नपूर्ण आधार शिविर, गौतमबुद्धको जन्मस्थल लुम्बिनी र पर्यटकीय नगरी पोखरा तथा ऐतिहासिक एवम् पुरातात्विक महत्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको अवलोकन गरे।

संयुक्त राष्ट्रसङ्घका महासचिव 'कहाँ जानुहुन्छ ?' भन्ने विषय संसारभरका सञ्चारमाध्यमका लागि 'बिग न्युज' हुन्छ। त्यसैले महासचिव गुटेरेसको नेपाल भ्रमण ऐतिहासिक हुनाका साथै पर्यटकीय विकासका दृष्टिले फलदायी भएको व्यवसायीको विश्वास छ।

विसं २०७९ को बुद्ध जयन्तीका दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणले लुम्बिनीमा भारतीय पर्यटक बढाएको छ। २०७५ सालमा भारतीय प्रधानमन्त्रीका रूपमा मोदीको जनकपुर र मुक्तिनाथको दर्शनयता ती क्षेत्रमा भारतीय पर्यटक बढेका थिए। काठमाडौँमै पशुपतिनाथ मन्दिरमा आउने भारतीयको सङ्ख्या पनि पछिल्लो समय उल्लेख्य मात्रामा बढेको पाइन्छ।

विश्वका सेलिब्रेटी मानिने व्यक्तिको भ्रमणले उक्त क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरेको छ। त्यसैले यस वर्ष संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसलगायत विशिष्ट व्यक्तिको नेपाल भ्रमण र यहाँ भएका पर्यटनसँग सम्बन्धित विभिन्न ठूला इभेन्टले नेपाललाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गर्न मद्दत पुगेको छ।

### गुटेरेसको भ्रमणले सहयोग

होटल संघ नेपालका (हान) का अध्यक्ष विनायक शाह महासचिव गुटेरेसको नेपाल भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको बताए। "संयुक्त राष्ट्रसंघका महासचिव कहाँ जानुहुन्छ, के गर्नुहुन्छ र के बोल्नुहुन्छ भन्ने विषय संसारका मिडियाका लागि चासो हुन्छ र बिग न्युज बन्छ", उनले भने, "विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथालगायत पर्यटकीय गन्तव्यको भ्रमणले विश्वभर नेपालको प्रवर्द्धन हुन्छ जसले नेपालप्रति विश्व समुदायको चासो बढ्छ।" महासचिव गुटेरेसको भ्रमण राजनीतिक र आर्थिक रूपमा मात्रै नभई पर्यटन प्रवर्द्धनका दृष्टिले समेत महत्वपूर्ण भएको उहाँको विश्वास छ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने पनि नेपालको पर्यटनका लागि महासचिव गुटेरेसको भ्रमण ऐतिहासिक उपलब्धि भएको र यसले पर्यटन थप चलायमान भएको स्वीकारेका छन्। उनले भने, "महासचिव गुटेरेसको महत्वपूर्ण गन्तव्यको भ्रमणले नेपालको पर्यटनको विश्वभर प्रवर्द्धन भएको छ। महासचिवले गर्ने 'ट्राभल' संसारभरका सञ्चारमाध्यममा समाचार बन्छ, त्यसैले उहाँको भ्रमणबाट ठूलो प्रचारप्रसार भएको छ।" गुटेरेसले खुम्बु क्षेत्रको भ्रमणका साथै 'एभरेष्ट भ्यू' होटलमा 'लञ्च' गर्नुले विश्वभरका 'हाई इन्ड टुरिस्ट'लाई आकर्षण गर्ने पर्यटन बोर्डको विश्वास छ।

महासचिव गुटेरेसको भ्रमणले पर्यटक बढाउन मद्दत पुग्नेमा नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालले विश्वास व्यक्त गर्नुभयो। साहसिक पर्यटनको आकर्षक गन्तव्य रहेको नेपालको पर्वतीय पर्यटन, धार्मिक एवं सांस्कृतिक पर्यटन प्रवर्द्धनमा गुटेरेसको भ्रमणले विशेष अर्थ राख्ने उनले बताए।

कोभिड-१९ (कोरोना भाइरस) महामारीले झन्डै तीन वर्ष खुम्चिएको विदेशी पर्यटक आगमन पूर्ववत् लयमा फर्किएको छ। समग्रमा वर्ष २०८० लाई पर्यटनका लागि उपलब्धिको वर्षका रूपमा लिन सकिन्छ। विदेशी पर्यटक बढेका छन्। हवाई पूर्वाधार तथा होटल पूर्वाधार विकासले फड्को मारेको छ। पर्वतारोहण र पदयात्रामा उत्साह छ। आन्तरिक र साहसिक गन्तव्य पर्यटकले भरिभराउछन्। नागरिक उड्डयन सुधारका लागि सकारात्मक पहल देखिएको छ।

### बढे विदेशी पर्यटक

यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन्। नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको सङ्ख्या २८ हजार सात सय ४१ ले वृद्धि भएको हो।

गत वर्षको मार्चमा कूल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकामा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन्। यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकामा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो।

सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। योसँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य पूरा भएको छ। अर्को वर्ष दोब्बर सङ्ख्यामा पर्यटक भित्र्याउने सरकारले घोषणा गरिसकेको छ। महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ सङ्ख्यामा खुम्चियो। त्यसैगरी, २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए।

### बढ्यो पर्यटन आय

यो वर्ष भ्रमण आयमा उल्लेख्य सुधार आई नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या बढेसँगै पर्यटनबाट हुने आम्दानी पनि बढेको छ। नेपाल राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार चालु वर्षको आठ महिनामा भ्रमण आय रु ५१ अर्ब ३९ करोड पुगेको छ जुन अघिल्लो गत आवको सोही अवधिको तुलनामा ४२ दशमलव एक प्रतिशतले बढी हो। साथै विदेशमा घुम्न जाने नेपाली पनि बढेका छन्। केन्द्रीय बैङ्कका अनुसार सोही अवधिमा भ्रमण व्यय रु एक खर्ब २२ अर्ब ८१ करोड पुगेको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा ४५ दशमलव सात प्रतिशतले बढी हो। गत आर्थिक वर्षको आठ महिनामा भ्रमण व्यय रु ८४ अर्ब ३२ करोड थियो।

पयर्टन बोर्डका निर्देशक मणिराज लामिछानेले वर्ष २०८० को चैत मसान्तसम्मको आँकडाअनुसार हवाई मार्ग भएर १० लाखभन्दा बढी विदेशी पर्यटक भित्रिनुले पर्यटन पुरानै लय (सन् २०१९ को पर्यटन आगमन) मा फर्किएको बताउनुभयो। विसं २०७९ मा साढे सात लाख पर्यटक आएकामा विसं २०८० मा १० लाख पर्यटक नाघेकाले तुलनात्मक रूपमा २५ प्रतिशतले पर्यटक बढोत्तरी भएको बोर्डले जनाएको छ।

गत वर्ष हवाई मार्ग भएर नेपाल आउने भारतीय पर्यटकको सङ्ख्या करिब ३५ प्रतिशतले वृद्धि भएको छ। यस्तै, बङ्गलादेशबाट नेपाल आउने पर्यटकको वृद्धिदर करिब ४० प्रतिशत छ। अमेरिकाबाट आउने पर्यटक पनि बढेको छ। त्यसैगरी, चिनियाँ पर्यटक आगमन सङ्ख्या पनि उल्लेख्य वृद्धि भएको छ।

### पाँचतारे होटलको सङ्ख्या २२ पुग्यो

नेपालमा पाँचतारे होटल थपिएका छन्। अन्तर्राष्ट्रिय चेन होटल धमाधम

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज आफ्नो अधिकार प्राप्तिको लागी संघर्ष गर्नु पर्नेछ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। आर्थिक कारोबारमा विवाद आउनसक्छ।

**वृष** — आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउला। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय पनि रहेको छ।

**मिथुन** — आज आँटेको र ताकेको कार्य पुरा होला। कुनै समाचारले मनमा शान्ति छाउनेछ। लाभदायक र सुखद् यात्रा हुने योग पनि छ।

**कर्कट** — आज नयाँ रोजगारको अवसर मिल्नेछ। प्रयत्न गरे फाइदा लिन सकिनेछ। आफन्त वा बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ।

**सिंह** — आज राजनैतिक कार्यमा बाधा आउला। लेनदेनमा दुबिधा उत्पन्न हुनेछ। स्वास्थ्य बिग्रने भय पनि छ, तर साँझमा धन हात पर्नेछ।

**कन्या** — आज दैनिक कार्यमा प्रगति हुनेछ। साथीभाइसँग समय बित्नेछ। रमणीय र सुखद् यात्राको योग छन्। आत्मबल र हिम्मत पनि बढ्नेछ।

**तुला** — चिताएको कामले तीव्रता लिनेछ। वैदेशिक कार्य अघि बढ्नेछ। आर्थिक कारोबारमा सफलता पाइएला। जोशजाँगर र उमंग बढ्ला।

**वृश्चिक** — ठीक समयमा सही निर्णय लिन सकिनेछ। पारिवारिक सहयोग मिल्ला। कला र गलाको प्रभाव बढ्नेछ। प्रेमीको सहयोग प्राप्त हुनेछ।

**धनु** — आज मन परेको मानिससँग ढाडिनु पर्दा मनमा छटपटी र अशान्ति छाउनेछ। यात्रा गर्दा वा सवारी साधनको प्रयोग गर्दा ध्यान दिनुहोला।

**मकर** — आज पार्टी तथा सेमिनारमा सहभागी भइएला। धर्मकर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। लाभदायक यात्रा रहनेछ।

**कुम्भ** — रमणीय यात्राको योग छ। पार्टी तथा सेमिनारमा सहभागी भइएला। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। बौद्धिकताको विकास हुनेछ।

**मीन** — वैदेशिक कार्य अघि बढ्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि रहला।

# सिंजा क्याम्पस गौचरण बन्दै न विद्यार्थी न प्राध्यापकलाई तलब

**गोल्डेन बुढा**
**जुम्ला, ५ वैशाख ।**

सिंजा बहुमुखी क्याम्पस जुम्लाका प्रमुख तिर्थबहादुर नेपालले २०७६ सालमा ७५ हजार रुपैयाँ तलब बुझेका थिए । त्यो तलब पनि एक वर्षअघिको थियो । त्यहाँदेखि उनले तलब पाएका छैनन् । तर क्याम्पसको काममा भने नियमित खटिएकै छन् । उनीसँगै पार्टटाइममा पढाउने १० जना शिक्षकहरु छन् ।

उनीहरुले पनि पढाएको पारिश्रमिक पाइरहेका छैनन् । क्याम्पसको आयस्रोत नभएको र सरकारले पनि क्याम्पस सञ्चालनको लागि आर्थिक सहयोग नगरेकाले क्याम्पस अलपत्र जस्तै बनेको छ ।क्याम्पस प्रमुख नेपालले विद्यार्थी भर्ना गरेबापत् संकलन भएको रकमले प्रशासनिक खर्च जुटाउने गरेको गुनासो गरे। यो वर्ष २० जना मात्रै विद्यार्थी क्याम्पसमा भर्ना भइरहेका छन् । प्रति विद्यार्थी ७ हजार शुल्क उठाउँदा एक लाख ४० हजार रुपैयाँ मात्र संकलन भएको छ । यतिले क्याम्पसको वार्षिक प्रशासनिक खर्चमात्रै चल्छ । भर्ना भएका विद्यार्थीहरु अन्यत्र पढेर मात्र सिंजा क्याम्पसका नाममा परीक्षामा सामेल हुने गरेका छन् ।

शिक्षक, प्रध्यापकहरु नभएको र पार्टटाइम शिक्षकहरुले काम चलाउ शिक्षा दिइरहेकाले भर्ना भएर विद्यार्थीहरु जिल्ला बाहिर जाने गरेका छन् । यो क्याम्पस बाह्रै महिना सुनसान जस्तै हुने गरेको छ ।जुम्लाको कनकासुन्दरी, सिंजा र हिमा गाउँपालिका गरेर तीन स्थानीय तहका विद्यार्थीहरुको पठनपाठन सहस होस् भन्ने उद्देश्यले २०६७ सालमा सिंजा बहुमुखी क्याम्पसको स्थापना थियो । भवनहरु निकै पुराना र जीर्ण छन् । क्याम्पसमा न पुरै समय होमिएका शिक्षकहरु छन् । न त भर्ना भएका विद्यार्थीहरुको नियमित पठनपाठन नै छ ।

नाग्म -गमगडी सडकसँगै जोडिएर बनेको सिंजा बहुमुखी क्याम्पस साधारण विद्यालय जस्तो पनि छैन । वर्षायाममा गौचरण जस्तो देखिन्छ । क्याम्पसमा घेराबारा छैन । भिरालो जमिन भएकोले वर्षनि पहिरो गइरहेको हुन्छ । जसले भवनहरु पनि भत्किदै जान थालेका छन । क्याम्पस स्थापना कालमा विद्यार्थीहरुको आकर्षण बढेको थियो । उतिबेला ३ सय विद्यार्थी एकैपटक भर्ना भएका थिए । घर आगनमै क्याम्पस स्थापना हुँदा स्थानीय बासिन्दा पनि निकै खुसी थिए । विद्यार्थीहरुमा पनि पढ्ने उर्जा बढेको थियो । तर पछिल्लो समयमा सरकारले सिंजा क्याम्पसको व्यवस्थापनमा कुनै चासो नदेखाएपछि विद्यार्थी बिनाको क्याम्पसका रुपमा चिनिन थालेको छ । भर्ना भएका विद्यार्थीहरु एकैपटक परीक्षामा सहभागि हुने गरेका छन ।



क्याम्पस प्रमुख नेपालका अनुसार परीक्षा केन्द्र अर्कै क्याम्पसमा हुने र स्वअध्ययनले मात्र परीक्षा दिनुपर्ने भएकोले विद्यार्थीहरु भर्ना हुन समेत मानिरहेका छैनन् । स्थानीय सरकारले वर्षेनि भवन लगायतका संरचना निर्माणको लागि बजेट छुट्याइरहेको हुन्छ । तर बजेट अपुग हुने भएकोले निर्माणाधिन अवस्थामै संरचनाहरु अलपत्र बन्ने गरेका छन । प्रदेश सरकार र स्थानीय सरकारले क्याम्पस परिसरमै दुई वटा भवन बनाइरहेको छ । एक भवनको डेकुरेशन नहुँदा प्रयोगमा आउन सकेको छैन । एउटा भवनको पिलर मात्रै ठड्याइएको छ ।

भवन बनाउन प्रयोग भएका निर्माण सामाग्रीहरु खिया लागेर काम नलाग्ने भइसकेका छन् । स्थानीय सुनौलो क्षेत्रीले शैक्षिक जनशक्ति उत्पादन गर्न स्थापना भएको क्याम्पसको हालत दयनिय रहेको बताए । उनले भने, 'क्याम्पस चलाउन सकिने अवस्थामा राम्रो संग चलाइदिएको भए हुन्थ्यो । यही अवस्था हो भने खारेज गर्दिंदा उपयुक्त हुने थियो । यो त क्याम्पसका नाममा बेइजत नै भएको छ ।' क्याम्पसमा शिक्षा संकायतर्फ अंग्रेजी,नेपाली,अर्थशास्त्र र म्याथम्याटिक्स बिषयको अध्ययन भइरहेको छ । व्यवस्थापन तर्फ मार्केटिङ बिषय पढाइ भइरहेको छ ।

भिरालो जमिनमा रहेको क्याम्पसमा भर्खरै बनेका दुई भवन समेत अलपत्र अवस्थामा छन । प्रदेश र स्थानीय सरकारले वर्षेनि संरचना निर्माणमा बजेट छुट्याउने गरेपनि भवनहरु अधुरै अवस्थामा छन् ।

क्याम्पसको बृद्धि विकासमा स्थानीयले पनि खासै चासो देखाएका छैनन् । तर सिंजा क्याम्पसमा गुणस्तरीय शिक्षा प्रदान गर्न र हराभरा बनाउन क्याम्पस व्यवस्थापन समितिले पहल गरिरहेको जनाएको छ । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष दलबहादुर जिसीले यसअघिको व्यवस्थापन समितिले काम नगर्दा क्याम्पसको अवस्था खस्किएको बताए । उनले भने,'क्याम्पस निर्माण र व्यवस्थापनको लागि सरकारी पक्षसंग बारम्बार कुराकानी भइरहेको छ । केही वर्षमा क्याम्पसको अवस्था सुध्रने पक्का छ ।' उनले शिक्षक,विद्यार्थी,अभिभावक र सरकारहरु बिचको आपसी सम्बन्धले मात्र क्याम्पसको स्तरबृद्धि हुने बताए । उनका अनुसार अघिल्लो ब्यवस्थापन समिति हुंदा क्याम्पसको खातामा जम्मा १३ रुपैयाकक मात्र थियो । अहिले बजेट भित्र्याउन पहल भइरहेको छ ।

दुगर्मका विद्यार्थीलाई सर्भसुलभ तरिकाले पढाउने सिंजा क्याम्पसको सपना पुरा गर्न क्याम्पस परिवार, अभिभावकहरु, विद्यार्थी र सरोकारवाला निकायाको ध्यान जान जरुरी देखिएको छ ।नाग्म गमगडी सडकमै जोडिएको क्याम्पस भएकोले आन्तरिक तथा बाहृय पर्यटकहरुको आकर्षणको केन्द्र बनाउनुपर्ने गरि योजना बनाउनु अहिलेको आवश्यकता हो । दुर्गममा खोलिएको क्याम्पसको मर्म अनुसारको काम हुन नसकेको खण्डमा क्याम्पस हुनु र नहुनुमा खासै अर्थ नहुने शिक्षा विज्ञहरु बताइरहेका छन् । अहिले नाग्म गमगडी सडकमा ओहोरदोहोर गर्ने जो सुकैले क्याम्पसलाई गिज्याइरहेका छन् ।

# प्लाइउड उद्योगमा स्थानीयलाई रोजगारी

**युग संवाददाता**
**राँझा (बाँके), ५ वैशाख ।**

बाँकेको कोहलपुर नगरपालिका-१४ मा निजी क्षेत्रबाट सञ्चालित योयो प्लाइउड इण्डष्ट्रिजमा तीन सय बढी मजदुरले रोजगारी पाएका छन् । विगत चार वर्षदेखि सञ्चालित उद्योगमा कोहलपुर नगरपालिका-१४ ढोरपुर र ठाडागाउँका अधिकांश स्थानीयवासीले मजदुरका रूपमा काम गर्दै आएका छन् । खटिक समुदायको बसोबास रहेको ढोरपुर र ठाडागाउँवासीलाई यो उद्योगले रोजगारी दिएको छ ।

उद्योगमा कार्यरत स्थानीय युवा राधेश्याम खटिकले प्लाइउड उद्योग स्थानीयवासीका लागि जीविकोपार्जनको प्रमुख आधार भएको बताए । "कामको खोजीमा दैनिक भौतारि नुपर्थ्यो, अहिले गाउँमा खुलेको उद्योगले ढोरपुर र ठाडागाउँका सबैजसोलाई रोजगारी दिएको छ," उनले भने । स्थानीय रामछविले खटिकले गाउँमा स्थापना भएको उद्योगले स्थानीयवासीलाई रोजगारीमा प्राथमिकता दिएका कारण आफूहरूले रोजगारी पाएको बताए । उद्योग बन्द हुँदा सबैभन्दा बढी मार आफूहरूलाई पर्ने भएकाले भर्खर सञ्चालनमा आएको उद्योगमा कुनै पनि राजनीतिक आस्थाका आधारमा ट्रेड युनियन गठन गर्नभन्दा पनि उद्योगलाई स्थापित गर्न मजदुर लाग्नुपर्नेमा उनले जोड दिए ।

सोही उद्योगमा तीन वर्षदेखि कार्यरत सुर्जा कार्की भण्डारीले गाउँमै स्थापना भएको उद्योगका कारण अहिले रोजगारी पाएपछि स्थानीयवासीको जीविकोपार्जनमा सहजता भएको बताए । देशमा काम नपाएर विदेश जानुपर्ने अवस्थामा योयो प्लाइउडले गाउँमै रोजगारी दिएर आफूहरूलाई ठूलो गुन लगाएको उहाँले बताए ।

उद्योगमा ट्रेड युनियन गठनका नाममा काममा अवरोध भएको प्रति उहाँलाई चित्त बुझेको छैन । आफूलाई उद्योग नै बन्द गराउने ट्रेड युनियन नचाहिएको उनले बताए । "ट्रेड युनियन गठन भएर धेरै सेवा सुविधा मागेपछि केही दिन उद्योग बन्द भयो, उद्योग बन्द हुँदा हाम्रो रोजगारी पनि बन्द हुन्छ", उनले भने ।

उद्योगका प्रबन्ध निर्देशक राजीव श्रेष्ठले उद्योग अझै पूर्ण रूपमा सञ्चालन नभएको बताउनुभयो । अहिले तीन सय बढी मजदुरलाई रोजगारी दिएको उद्योग पूर्ण रूपमा सञ्चालन हुँदा आठ सय बढीले रोजगारी पाउने उनले जानकारी दिए ।

.उद्योगको क्षमताअनुसार पूर्ण रूपमा सञ्चालन हुन नसक्दा दैनिक करिब रु पाँच लाख घाटा व्यहोर्दै आएको उद्योगले मजदुरलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउँदै आएको उल्लेख गर्दै उनले भने, "हामी सरकारले तोकेको मापदण्ड पालना गर्दै मजदुरलाई पारिश्रमिक दिँदै आएका छौँ, घाटामा गएको उद्योगले अहिले तत्काल मजदुरको पारिश्रमिक वृद्धि र बोनस खुवाउन सक्ने अवस्था छैन, तर परिस्थिति सुध्रिनासाथ मजदुरको सेवा सुविधा र सङ्ख्या बढाउँदै लैजाने हाम्रो सोच छ ।"

**ट्रेड युनियन गठनले कर्मचारी विभाजित**

उद्योग पूर्ण रूपमा सञ्चालन हुन नपाउँदै मजदुर सङ्गठनका नाममा अवरोध सिर्जना गर्ने काम भएको उद्योगका प्रबन्ध निर्देशक श्रेष्ठको गुनासो छ । अहिले सञ्चालन हुँदा दैनिक रु पाँच लाख घाटा व्यहोर्दै आएको उद्योग बन्द हुँदा दैनिक रु १० लाखभन्दा बढी घाटा हुने भएकाले सहज रूपमा उद्योग सञ्चालनको वातावरण बनाउन उनले अनुरोध गरेका छन् ।

स्थानीयवासीको बाहुल्य रहेको उक्त उद्योगमा तीन सय बढी मजदुरले काम गर्दै आएका छन् । हाल उद्योगमा नरहेका गैरमजदुरलाई सङ्गठित गरी जबर्जस्ती ट्रेड युनियन गठन गर्न खोजेपछि त्यहाँ कार्यरत मजदुर त्यसको विपक्षमा उत्रिएका छन् । उद्योगमा अखिल नेपाल औद्योगिक मजदुर सङ्घले शान्ति रानाको नेतृत्वमा मजदुर सङ्घ गठन गरेको छ ।

उद्योगका प्रबन्धक पूर्णबहादुर विष्टले सङ्घको नेतृत्व गरेकी रानासहितका अधिकांश सदस्य उद्योगमा कार्यरत नै नरहेको बताए । उनले उद्योगमा कार्यरत नै नरहेका फर्जी नाम राखेर ट्रेड युनियन गठन गरेकामा आपत्ति जनाए । ट्रेड युनियनकी अध्यक्ष रानाले आफूहरूले मजदुरको हकहितका लागि ट्रेड युनियन खोलेको बताए । ट्रेड युनियनको पक्षमा लाग्ने मजदुरलाई उद्योगले कामबाट निकालेको उनको आरोप छ । ट्रेड युनियन गठनसँगै मजदुर विभाजित भएका छन् । अधिकांश मजदुर उद्योग नियमित सञ्चालन गरी आफ्नो रोजगारी सुनिश्चित हुनुपर्ने माग गर्दै ट्रेड युनियन खारेजीको पक्षमा लागेका छन् ।

## बालबालिकाका...

छुट्याउन अझ राम्रोसँग सुसज्जित गर्न सहयोग हुनेछ ।

(ध) **डिजिटल जिम्मेवारीमा ध्यान दिन**

अहिले सबै व्यक्ति अनलाइनमा आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र रहेका छन् । विद्यार्थीलाई प्रविधिको जिम्मेवारी र अनलाइन शिष्टाचारको बारेमा शिक्षा दिनुपर्छ । यसले गर्दा विद्यार्थीलाई अनलाइन व्यवहारको महत्त्व सिकाउनु महत्वपूर्ण रहेको छ । विद्यार्थीले कसरी सम्मानजनकरूपमा अनलाइन व्यवहार गर्ने कुरामा ध्यान दिनुपर्छ ।

(ङ) **सञ्चारमा कौशल सुधार**

विद्यार्थीले विभिन्न डिजिटल परिदृश्यमा प्रभावकारीरूपमा आफ्ना विचार लेख्न आवश्यक रहेको छ । ब्लग पोष्ट, सामाजिक सञ्जालमा पोष्ट र इमेलबाट, डिजिटल साक्षरताले विद्यार्थीलाई अनलाइन क्षेत्रमा फस्टाउनका लागि आवश्यक पर्ने डिजिटल सञ्चार सीप गर्न सक्षम बनाउँछ ।

(ङ) **ग्लोबल कनेक्टिविटी**

डिजिटल युगको सबैभन्दा ठूलो फाइदा भनेको यसले कसरी मानिसलाई सीमापार जडान गर्न सक्षम बनाएको छ । यसको माध्यमबाट विश्वव्यापीस्तरमा सहकार्य र सिक्ने अवसर असीमित भएका छन् । डिजिटल साक्षरताले यस अन्तरसम्बन्धित वातावरणमा प्रभावकारी सहभागितालाई सहज बनाएको छ ।

यसको एउटा उत्कृष्ट उदाहरण डिजिटल कलाले विश्वभरका मानिसलाई प्रभावमा लिन सक्ने देख्नु हो । होली पर्वको पोस्टर वा रक्षा बन्धन कार्डजस्ता सांस्कृतिक कला उत्पादन गर्न डिजाइन प्रविधि प्रयोग गरेर, विश्वव्यापी दर्शकलाई सबै अनौठो उत्सव देखाउँछ । यस सन्दर्भमा, डिजिटल क्षेत्रहरूले एकीकरण र सांस्कृतिक सम्वर्द्धनको लागि वातावरण प्रदान गर्न सक्छ । हामीले त्यो कसरी गर्ने ? यहाँ हामीले हाम्रा कक्षाकोठामा डिजिटल साक्षरता बढाउन अवसर प्रदान गर्न सक्ने केही सजिलो तरिका रहेका छन् ।

(क) **शिक्षणमा प्राविधि समावेश गर्न**

कक्षाकोठामा डिजिटल साक्षरता प्रवर्द्धन गर्ने सबैभन्दा सरल तरिका भनेको आफ्नै शिक्षणमा प्रविधि समावेश गर्नु हो । उदाहरणको रुपमा भिडियो-आधारित पाठहरू हाल्ने, प्राविधिक उपकरण वा सफ्टवेयर प्रयोग गर्ने थप कार्य विकास गर्ने, वा आधुनिक प्रविधिसँग परिचित विद्यार्थीलाई पाठ योजनामा एकीकृत गर्न सकिने डिजिटल क्षेत्र यात्रा समावेश भएको छ ।

(ख) **डिजिटल लेखन**

डिजिटल लेखन र परम्परागत लेखनका लागि दुई अद्वितीय कौशल सेट हुने गरेको विद्यार्थीले बुझ्नुपर्ने कुरा हो । उदाहरणका लागि परम्परागत निबन्धको विपरीत, विद्यार्थीलाई डिजिटल लेखनमा लिङ्क र सन्दर्भ कसरी प्रयोग गर्ने भनेर सिकाइनुपर्छ । विद्यार्थीलाई सान्दर्भिक, आकस्मिक र मिडियाको प्रयोगको साथ डिजिटल सामग्रीलाई कसरी थप अनुकूलन गर्ने भनेर पनि सिकाइनुपर्छ ।

(ग) **सूचना साक्षरता**

गलत जानकारीले गर्दा प्रयोगकर्ताका लागि इन्टरनेट ट्रेन्डिङको रुपमा रहेको हन्छ । यसले गर्दा विद्यार्थीलाई भरपर्दो जानकारी के हो र के होइन भनेर छुट्याउन निकै चुनौतीपूर्ण बनाउन सक्छ । यसलाई ध्यानमा राखेर, कक्षाकोठाले सूचना साक्षरता सिकाउनमा ध्यान केन्द्रित गर्नुपर्छ । विद्यार्थीलाई जानकारीको विश्वसनीयताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सीप प्रदान गरेर तथ्य र गलत जानकारी बीचको भिन्नता छुट्याउन अझ राम्रोसँग सुसज्जित गर्नुपर्छ ।

**काम गर्न विदेश जाने सोच बनाउदै हुनुहुन्छ ?**

**हुनुहुन्छ भने:**

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## वर्षान्त...

निर्माण भइरहेका छन्भने केही सञ्चालनमा आइसकेका छन् । शेराटन, हिल्टनलगायत आधादर्जन होटल पाइपलाइनमा छन् । पर्यटन विभागका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा बुटिक लग्जरी पाँचतारेसहित थप चारवटा पाँचतारे होटल थपिएका छन् । योसँगै नेपालमा एक पाँचतारे डिलक्स होटलसहित पाँचतारे होटलको सङ्ख्या २२ पुगेको छ ।

यसैगरी, चारतारे स्तरका ३४ होटल छन् । होटल सङ्घका अनुसार नेपालमा ३५ लाख पर्यटक धान्ने होटल पूर्वाधार छन् । सङ्घका अध्यक्ष विनायक शाहले देशभर दैनिक १० हजारभन्दा बढी पाहुना धान्ने शय्या उपलब्ध छन् । सङ्घमा आबद्ध देशभर पाँच हजार हाराहारी सदस्य होटल छन् । अध्यक्ष शाहका अनुसार अबको दुई वर्षभित्रमा थप १८ देखि २० वटा स्तरीय तारे होटल सञ्चालनमा आउनेछन् ।

पर्यटकीय राजधानी पोखरा

पर्यटकीय नगरी पोखरालाई गत चैत ४ गते देशको पर्यटकीय राजधानी घोषणा गरिएको छ । गण्डकी प्रदेश सरकार, पोखरा महानागरपालिका र पोखरासँग जोडिएका स्थानीय सरकार तथा सङ्घसंस्थाको पहलमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विशेष समारोहबीच पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेका थिए ।

**पर्यटनमा भएका काम**

वर्षादिनमा पर्यटन क्षेत्रमा नीतिगत र संरचनागत सुधारका लागि सकारात्मक प्रयास भएका छन् । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को संरचनागत सुधारका लागि काम थालिएको छ । निगमलाई व्यवस्थापन करारमा लगेर सेवालाई चुस्त र प्रभावकारी बनाउने योजनाका साथ निगमले काम अगाडि बढाएको छ । आन्तरिक उडानमा तीन जहाज थप्ने र अन्तर्राष्ट्रिय उडानमा लिज प्रक्रियामा न्यारोबडी जहाज भित्र्याउने निगमले अन्तिम तयारी गरेको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सक्रिय बनाई युरोपेली सङ्घ (इयू) ले नेपालको हवाई उडानमाथि लगाएको प्रतिबन्ध हटाउन विभिन्न प्रयास भइरहेको छ । इयूको अडिट प्रतिवेदनको १२ बुँदे सुझावअनुरुप हवाई सुरक्षा र सेवा सुधारका लागि सबै संयन्त्रले काम गरिरहेको पर्यटन मन्त्रालयले जनाएको छ । क्षेत्रीय हब विमानस्थल स्तरोन्नति र आधुनिक टर्मिनल भवनको काम भइरहेको छ ।

श्री पशुपतिनाथ हिन्दू विश्वविद्यालय, पर्यटन विश्वविद्यालय र रैथाने विश्वविद्यालयको अध्ययन अघि बढाइएको र पर्यटन विश्वविद्यालयको मस्यौदा तयार भइसकेको छ । लुम्बिनीको तिलौराकोटलाई विश्वसूचीमा सूचीकृत गर्ने अन्तिम तयारी भएको पनि मन्त्रालयले जनाएको छ ।

सरकारले घोषणा गरेको पर्यटन दशक कार्यान्वयनका लागि कार्यक्रम तय गरिएको पनि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जानकारी दिएको छ । पर्यटन मन्त्रालयका सचिव डा दीपक काफ्लेका अनुसार पर्यटन दशकका लागि चालु आवको नीति तथा कार्यक्रम र बजेटमा यसलाई थप परिस्कृत र समृद्ध बनाइने छ । यस्तै, पर्यटन ऐन, संस्कृति ऐनलगायत नीतिगत सुधारका काम प्राथमिकताका साथ लैजाने मन्त्रालयले जनाएको छ । नेपाल पर्यटन बोर्डलाई चाँडो नेतृत्व प्रदान गरी अन्तर्राष्ट्रिय बजारीकरणको कामलाई प्रभावकारी बनाउने जनाइएको छ ।

**व्यवसायी भन्छन्, 'पर्यटन उत्साहवर्द्धक'**

वसन्त ऋतुको यो याममा पर्वतारोहण र पदयात्राका लागि उल्लेख्य सङ्ख्यामा विदेशी आएका छन् । पर्यटन विभागको पछिल्लो विवरणअनुसार वसन्त ऋतुमा सर्वोच्च शिखर सगरमाथासहित विभिन्न १९ हिमाल आरोहणका लागि ५५ आरोही समूहका एक सय १६ महिला र तीन सय ९६ पुरुष गरी कूल पाँच सय १२ जनाले आरोहण अनुमति लिएका छन् । सगरमाथा हिमालमा मात्रै १८ आरोही समूहका ३९ महिलासहित दुईसय नौजनाले अनुमति पाएका छन् । हिमाल आरोहणको अनुमतिबापत हालसम्म रु ३४ करोड ४३ लाख ९९ हजार ६ सय ५६ रोयल्टी सङ्कलन भएको छ ।

वैशाख १ गतेदेखि देशको प्रमुख पर्यटकीय क्षेत्र ठमेल र दरबारमार्ग चौबिसै घण्टा खुलाइएकाले पर्यटन क्षेत्र थप चलायमान बन्ने व्यवसायीको बुझाइ छ । नयाँ वर्ष २०८१ को पहिलो दिनबाट ठमेल र दरबारमार्ग क्षेत्रमा पूर्णकालीन व्यवसाय सञ्चालनको घोषणा गरिएको छ ।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल र दरबारमार्ग क्षेत्र चौबिसै घण्टा खुलेसँगै पर्यटन क्षेत्रमा नयाँ आयाम थपिएको विश्वास व्यक्त गर्नुभयो । मुख्य पर्यटकीय गन्तव्य काठमाडौंको ठमेल, कास्कीको पोखरा, चितवनको सौराहा, कपिलवस्तुको लुम्बिनीमा पर्यटकको चाप छ । व्यापार-व्यवसाय पनि फस्टाएको छ । राजधानीको ठमेलमा पर्यटकको चहलपहल बढेको छ । यसले पर्यटन क्षेत्रमा सकारात्मक उत्साह पैदा गरेको व्यवसायीको बुझाइ छ ।

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**

**स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना**

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची-७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित ाीकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ । यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ ।
साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आायुर्वेद, होमियोप्याथि, प्राकुतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेण्मीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्चः** यस बाहेकका स्वास्थ्य संथाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नहुन अनुरोध छ ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

## शव...

बढि चाँसो चिन्ता भएकाले भिमा गुरूङ्गले मृत्यूवरण गर्नु परेको त होइन ? यी विभिन्न कारणहरूले गर्दा डाक्टरहरूको लापरवाहीका कारण ८ महिने नाबालिका दुधे छोरीलाई छोडेर भिमा गुरूङ्गले यो संसार त्याग्नु पर्ने अवस्था आएको हो । यसकारण भिमा गुरूङ्गको मृत्यूको नैतिक जिम्मेवारी प्रदेश अस्पताल प्रशासनले लिनु पर्दछ ।

घर परिवारका मानिसहरूले ८ महिने नाबालिका दुधे बालिकाको पालनपोषणका लागि उचित राहत, परिवारका सदस्य मध्ये १ जनालाई रोजगारी, बालिकाको पठनपाठनको ग्यारेण्टी र घटनाको उच्च स्तरिय छानविन समिति गठनको माग राखी शान्तिपूर्ण आन्दोलन, धर्ना र पटक-पटक वार्ता छलफल गर्दा पनि अस्पताल प्रशासनले यस विषयलाई गम्भिरतापूर्वक नलिई गैह्र जिम्मेवारीपना प्रदर्शन गरेको छ ।

हाम्रो घरपरिवारको सदस्यको अकल्पनिय, अस्वभाविक एवम् असमाहिक मृत्यूका कारण पिँडामा तड्पिरहेका हामी सामान्य गरिव परिवारका मानिस सुर्खेतजस्तो महँगो सहरमा बस्न र आन्दोलन गरिरहन नसक्ने अवस्था भएकाले मृतक भिमा गुरूङ्गको लाशलाई यहि प्रदेश अस्पतालमै छोडेर आफ्नो घर जान लागेको कुरा सम्पूर्ण न्यायप्रेमी जनसमुदाय तथा पत्रकारज्यूहरूलाई स-विनम्र अवगत गराउन चाहन्छौं । यस दुःखको घडीमा हामीलाई साथ दिनुहुने सम्पूर्ण आफन्तजन, नातागोता, इष्टमित्र, साथीभाई, शुभचिन्तक तथा न्यायप्रेमी आम जनसमुदायलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । साथै यस विषयमा हामी नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, महिला संजाल र सरोकारवाला सबै पक्षको ध्यान आकर्षण समेत गराउन चाहन्छौं ।'

## वर्षमा ६...

कार्यालयमा बस्न सकिँदैन' उनले भने, 'सरकारले अरु कर्मचारीको दरबन्दी कायम गर्नुपर्छ । काममा सहयोगका लागि मैले करारमा कार्यालय सहयोगी राख्ने तयारी गरेको छुँ ।'

सीमा सुरक्षा चौकीका सशस्त्र प्रहरी निरीक्षक प्रमोद विष्टले यस बर्ष यारी नाकाबाट चीन जाने व्यापारी छिट्टै आउन थालेपछि कार्यालय प्रमुख जैशीलाई चाँडो आउन अनुरोध गरिएको बताए । बाख्लो हिउँका कारण हुम्लाको नारा लेकसम्म यातायातका साधनमार्फत र त्यसबाट उता हिल्सासम्म पैदल हिँडेरै भएपनि दैनिक पाँच-सात जना व्यापारी नाका पुग्ने गरेका छन् ।

उनीहरू चीनको ताक्लाकोटबाट सामान ल्याउँछन् । हिमपात कारण भन्सार बन्द हुनुअघि चीनबाट आएको सामानको राजस्व सशस्त्र प्रहरीले उठाउँदै आएको थियो । बाक्लो हिमपातका कारण सकस परेपछि सशस्त्र प्रहरी, नेपाल प्रहरी, सात जना हिल्साका होटेल कुरुवा र केही ब्यापारीहरु समेत हिल्सा छोडेर सिमिकोट बस्दै आएका थिए । तर प्रहरी हिल्साफिर्ता भएपनि भन्सार कार्यालय प्रमुख सिमिकोटमै छन् ।

## ओझेलमा...

गर्न पूर्वाधार विकासमा सरकारको ध्यान गएको छैन ।

एक जना कर्मचारीको भरमा सञ्चालित यारी भन्सार कार्यालयका सबै शाखा ठप्प छन् । हाल भन्सार कार्यालय प्रमुखको रुपमा नायब सुब्बा रामराज जैशी मात्रै कार्यरत छन् । भने अन्य सबै दरबन्दी रित्त छन् । 'अनलाइन सिस्टममा काम गर्नुपर्ने हो तर भन्सार कार्यालयमा इन्टरनेटसमेत छैन, यस बारे विभागमा भन्दा पनि सुनुवाइ भएन' कार्यालय प्रमुख जैशीले भने, 'नेट चलाउन चीनको सिम प्रयोग गरेर चीनको सिमा क्षेत्र जानुपर्छ, त्यो पनि निकै महंगो छ, कार्यालयको काम कसरी गर्ने ?' कार्यालय प्रमुख जैशी आफुलाई काम गर्ने जोस हराएको भन्दै भन्सार कार्यालय छोड्ने तयारीमा छन् । उनका अनुसार गत बर्ष २२ लाख बढि राजस्व संकलन गरेको भन्सारले यस बर्ष चैत्र महिनाभित्रै ११ लाख बढि राजस्व संकलन गरिसकेको छ ।

'विभागले ५ लाख राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो । तर असार नलाग्दै दोब्बर राजस्व संकलन भइसकेको छ' उनले भने, 'भन्सार नियमित सञ्चालन हुने हो भने करोडौं संकलन हुने देखिन्छ, यसमा सरकारले ध्यान दिन जरुरी छ ।'

यता भन्सार विभागका निर्देशक पुण्य विक्रम खड्काले यारी भन्सारमा पूर्वाधार विकासका लागि चीनसँग कुटनीतिक पहल भइरहेको बताए । 'यारी भन्सार संचालनमा सडक, यातायात सेवा, पुल निर्माण, अन्य कार्यालय स्थापना लगायतका धेरै समस्या छन्' उनले भने, 'त्यहाँ मौसम अनुकुल पूर्वाधार निर्माण गर्न जरुरी छ, यसका लागि पहल भइरहेको छ ।'

## आन्तरिक...

गर्ने उद्देश्यले स्थानीय र प्रदेश सरकारले केही रकम विनियोजन गरेर गोरेटो बाटो, प्रतिक्षालय, मन्दिर तथा अन्य संरचना नभएको थियो । ती संरचनाको संरक्षण नहुँदा जीर्ण बन्दै गएका छन्", उनले भने । स्थानीय सरकारमा यसको संरक्षण र प्रवर्द्धनका लागि नीतिगत रूपमा काम गर्नु आवश्यक रहेको उनको भनाई छ ।

नेपालमा बाइसे-चौबिसे राज्य हुँदा राजकाजका लागि प्रयोग भएको कोटदरबार क्षेत्र अहिले पर्यटकीय क्षेत्र बनेको पूर्वमान्म गाउँ विकास समितिका अध्यक्ष अजबहादुर शाहीले बताए । "यो दरबारमा विसं १३४४ सम्म मलय बम्मका सन्तानले दरबार बनाएर राज्य गरेका थिए", उनले भने, "बम्मका सन्तानले पछि दरबार छोडेर गएसँगै यो भग्नावशेषमा परिणत भएको छ ।" बाइसे-चौबिसे राज्यका राजाहरू अग्लो टाकुरामा बस्ने भएकाले कोटदरबार पनि त्यही ऐतिहासिकतासँग जोडिएको खाँडाचक्र-१ का प्रेमबहादुर शाहीले बताए । "यो दरबार क्षेत्रमा प्रवेश गर्दा रानी ढुङ्गा, कैदी राख्ने ठाउँ र घोडाबास छुट्टाछुट्टै स्थानमा देखिन्थ्यो" उनले भने, "अहिले ती स्थानमा भग्नावशेष मात्रै देखिन्छ । संरक्षणका लागि केही प्रयास भए पनि सदुपयोग हुन सकेको छैन् ।"

नगरपालिकाले रु २४ लाखको लगानीमा कोटदरबारको घेराबार गरेको थियो । कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले रु ५० लाख बजेट खर्च गरेर केही संरचना बनाएको भए पनि संरक्षणको अभावमा अहिले जीर्ण हुँदै गएको स्थानीय बजुरे खड्काले जानकारी दिए ।

"पहिले स्थानीय सरकारले संरक्षणका लागि केही रकम विनियोजन गरेर केही संरचना निर्माण भएका थिए", उनले भने, "अहिले ती बनेका संरचना पनि भत्किने अवस्थामा पुगेका छन् । यहाँ नयाँ संरचना बनाउनुभन्दा पनि भएका संरचनाको संरक्षण गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु जरुरी छ ।" आन्तरिक पर्यटकको रोजाइमा परेको कोटदरबार क्षेत्रलाई 'पर्यटकीय हब'का रूपमा विकास गर्न नगरपालिकाले गुरुयोजना तयार गरिरहेको नगरपालिकाका उपप्रमुख गणेशबहादुर शाहीले बताए ।


## कर्मचारी आवश्यकता

विरेन्द्रनगर-३, सुर्खेतमा रहेको यस श्री ओम लक्ष्मी सप्लायर्सलाई निम्न संख्यामा कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिले आफ्नो बायोडेटा इमेल मार्फत अथवा तल दिइएको सम्पर्क नम्बरमा व्हाट्सएप म्यासेज गर्नुहोला ।

**आवश्यक कर्मचारी :**
लाईट ड्राइभर : १ जना
सेल्समेन : १ जना
मारकेटिङ : १ जना
अकाउन्टेन्ट : १ जना
रिसीप्टेन्ट : १ जना

**तपशिल :**
सम्पर्क नं. : ९८५८०५८०८५, ९८२०४८१२००
ईमेल : shreeomlaxmisuppliers2080@gmail.com
(नोट : अनुभवि व्यक्तिलाई विशेष ग्राहयता दिइनेछ ।)

## कर्मचारी आवश्यकता

कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट प्रकाशित हुने युगआव्हान राष्ट्रिय दैनिकका लागि केही पत्रिका वितरक कर्मचारी तल उल्लेखित रुटहरुमा आवश्यक परेको हुँदा इच्छुक साइकल चलाउन जान्ने व्यक्तिहरुले सम्पर्क राख्नुहोला ।

**तलव पत्रिका वितरण गर्ने संख्याको आधारमा तोकिनेछ ।**

**तपशिल :-**
१. छिन्चु बजार

**युगआव्हान राष्ट्रिय दैनिक**
**वीरेन्द्रनगर-४, यरिचोक, सुर्खेत**
०८३-५२१६२७/९८५८०५२८१०/९८५८०५५६२८


## इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?

इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ । यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो । जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरुलाई फ्लू लाग्न सक्छ ।

### फ्लू कसरी सर्छ ?

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ ।

### फ्लूका लक्षण के हुन् ?




( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?

- बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रुपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरुलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन । दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य सेवा निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
**DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

सूचना, समाचार तथा विज्ञापनका लागि:
०८३-५२१६२७

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल साधारण टेबल
के तपाई **२०८१** सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।